दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २२६ | बुटवल | २०८२ साउन २६ गते, सोमबार | नेपाल संवत ११४५ | Monday August 11, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## विमानस्थल पूर्ण सञ्चालनका लागि पुन: संघर्ष समिति



भैरहवा। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनका लागि स्थानीय तहको नेतृत्वमा सरकारलाई दबाब सिर्जना गर्न पुनः संघर्ष समिति गठन भएको छ।

आइतबार रुपन्देहीको सिद्धार्थनगर नगरपालिकामा सम्पन्न उद्योगी, व्यवसायी र जनप्रतिनिधिको बैठकले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडानका लागि दबाब दिन संघर्ष समिति गठनको निर्णय गरेको हो।

सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँको संयोजकत्वमा संघर्ष समिति गठन गरिएको छ। संघर्ष समितिको सहसंयोजकमा सिद्धार्थनगरका उप-प्रमुख उमा अधिकारी र सदस्यहरूमा सिद्धार्थ होटल संघ नेपालका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्य, उद्योग व्यापार संगठन रुपन्देहीका अध्यक्ष दर्पण श्रेष्ठ छन्।

यस्तैगरी, अन्य सदस्यहरूमा सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष महेन्द्रकुमार श्रेष्ठ, संघकै पूर्वअध्यक्ष तथा पर्यटन व्यवसायी विष्णुप्रसाद शर्मा र सिद्धार्थ सञ्जाल, रुपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवाली छन्।

समितिले एक हप्तामा विमानस्थल सञ्चालनमा देखिएका समस्या, समाधानका उपाय र संघर्षका कार्यक्रमबारे खाका तयार पार्ने छ। त्यसपछि पत्रकार सम्मेलनमार्फत् आन्दोलनका कार्यक्रम घोषणा गर्ने तयारी समितिको छ।

साथै सबै पार्टीका जिल्लास्थित र केन्द्रका नेताहरूलाई भेट गरी ध्यानाकर्षण गराइने छ। त्यसपछि विमानस्थल नियमित सञ्चालनमा नआउँदासम्म निरन्तर दबाबका कार्यक्रम गरिने नगर प्रमुख खाँले जनाए।नगरपालिकाको पहलमा भएको निजी क्षेत्र र संघसंस्थाहरूबिचको छलफलमा सहभागी निजी क्षेत्र र सरोकारवालाले अब संघर्ष गरेर जानुपर्ने निचोड निकालेपछि संघर्ष समिति गठन गरिएको छलफलमा सहभागी सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष नेत्रप्रसाद आचार्यले बताए।

सहभागी उद्योगी-व्यवसायी र स्थानीय तहका जनप्रतिनिधिले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनमा नआए आगामी कात्तिक १७ मा हुने रुपन्देही-३ को उप-निर्वाचन बहिष्कार गर्नेसम्मको चेतावनी दिएका छन्।

» बाँकी ३ पेजमा

## प्रदेशको भवनबाट रुट पर्मिट सेवा



**मोहम्मद हबिब**

*भैरहवा*

संघीय बजेट वक्तव्यमा नलिने भनिएको शुल्क प्रदेश सरकारको अधिकारमार्फत् सीमा विन्दुबाट निरन्तरता लिने भएपछि स्थानीय सरकारले रुट पर्मिट डेस्क नै हटाउन लगाएका छन्।

गुनासो आएपछि शुक्रबार सीमा विन्दुमा रहेको एकिकृत जाँच चौकीमा रुट पर्मिटको रसिद काट्दै गरेको कर्मचारीलाई आइतबारभित्र हटाउने निर्देशन गरेसँगै आइतबारबाट रुट पर्मिटको डेस्क त्यहाँबाट उठेर झन सीमा विन्दुमै पुगेको छ। प्रदेश सरकारअन्तर्गत रहेको रुट पर्मिट डेस्क सुरुमा संघीय सरकारअन्तर्गतको भन्सार कार्यालयबाट सेवा प्रदान गरिरहेको थियो, भन्सार कार्यालयले भवन नै भत्काएपछि यातायात व्यवस्था कार्यालयबाट सेवा प्रदान भइरहेको रुट पर्मिट पुनः स्थानीय सरकारले बेलहियामा बनाएको एकिकृत जाँच चौकीबाट दिइरहेको थियो। चालु बजेट वक्तव्यमार्फत् व्यापार सहजीकरण तथा सेवा प्रवहमा सुधार ल्याउन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अस्थायी पैठारी हुने सवारी तथा ढुवानीका साधन र उपकरणमा भन्सार विन्दुमा महशुल संकलन गरेपश्चात् नेपालभित्र यात्रा गर्दा संघ, प्रदेश वा स्थानीय तहबाट प्रवेश शुल्क, रुट दस्तुर वा अन्य कुनै महशुल असुल उपर गर्न नपाइने व्यवस्था गरेपछि सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले आइतबार बेलहिया नाकास्थित एकीकृत जाँच चौकीमा रहेको दस्तुर डेस्क नै हटाउन लगाएका हुन्।

संघीय सरकार र स्थानीय सरकारले आफ्नो क्षेत्रबाट हटाउन लगाएको डेस्क अहिले भने प्रदेश सरकार मातहतकै भवनमा सारिएको छ। तत्कालका लागि नेपाल प्रवेश विन्दु नजिकै रहेको पर्यटन परिषदको भवनमा उक्त डेस्क खडा गरि सेवा सुरु गरिएको छ। संघीय सरकारको बजेट वक्तव्य बाहेक कतै उल्लेख नभई प्रदेश सरकारको आर्थिक ऐनमा समावेश गरिएकोले सोही बमोजिम अस्थायी बाटो इजाजत पत्र पटके सेवा शुल्क लिंदै आएको यातायात व्यवस्था सेवा कार्यालय भैरहवाका निमित्त प्रमुख नर बहादुर अर्यालले बताए।

लुम्बिनी प्रदेश सरकार उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले नेपाल आउने सवारी लुम्बिनी प्रदेशमा प्रवेश गर्दा लाग्ने बाटो(रुट) दस्तुर, सडक सवारी यातायात तथा परिवहन ऐन २०७६ को दफा ११ सँग सम्बन्धित रही उठाउँदै आएको छ।

» बाँकी ३ पेजमा

यस्तो छ डिंगरनगर सहकारी बचत हिनामिनाको प्रतिवेदन :

# सञ्चालकबाट ८ करोड बढी अनियमितता, १२ करोड हिनामिना, २५ करोड र ८५ करोड नीतिगत अपचलन









**टिआर शर्मा**

*बुटवल*

रुपन्देही तिलोत्तमा-३ को डिंगरनगर दूरगामी बहुउद्देश्यीय सहकारी संस्थामा भएको बचत हिनामिना र अपचलन छानबिन गर्न गठित समितिले बुझाएको प्रतिवेदनको शारांश दैनिक लुम्बिनीले प्राप्त गरेको छ।

जस अनुसार सञ्चालक समितिबाट ८ करोड बढी अनियमितता भएको देखिएको छ। यस्तै १२ करोड रुपैयाँ हिनामिना (खाए-मासेको), २५ करोड रुपैयाँ अपचलन र ८५ करोड रुपैयाँ नीतिगत अपचलन भएको अडिट रिपोर्टले देखिएको छ।

सहकारीमा बचतकर्ताको बचत अपचलन भएपछि यसको सत्यतथ्य पत्ता लगाउन ७ जना स्वतन्त्र लेखापरीक्षकहरु खटिएका थिए। उनीहरुले एक महिना लगाएर अन्तिम रिपोर्ट तयार गर्दै छानबिन विशेष समितिलाई बुझाएका थिए। अडिट रिपोर्टअनुसार सहकारीले विभिन्न व्यक्तिका नाममा ३४ करोड ७ लाख ५५ हजार ८१४ रुपियाँ गैरकानुनी ऋण प्रवाह गर्दा ९ करोड २८ लाख ३० हजार बराबरको मात्र धितो राखेको छ। यस हिसावले सहकारीको कुल ऋणमध्ये २१ करोड ७४ लाख ६६ हजार ५४९ रुपियाँ जोखिममा छ।

त्यस्तै व्यवस्थापक वसन्त पराजुलीले ४ करोड ७० लाख ७६ हजार १२१ रुपियाँ अनियमितता गरेको अडिट रिपोर्टले औंल्याएको छ। पराजुलीसँग उक्त रकमको व्याजसहित ४ करोड ८० लाख ९७ हजार असुल्नुपर्ने देखिएको पनि अडिट रिपोर्टमा उल्लेख छ।

त्यस्तै सञ्चालक समितिले ८ करोड २७ लाख ३१ हजार ४७६ रुपियाँ अनियमितता गरेको हुँदा उक्त रकम समितिले जिम्मा लिनुपर्ने सुझाव पनि अडिट रिपोर्टमा दिइएको छ।

छानबिन समितिले सहकारीका सञ्चालक समितिका कोषाध्यक्ष र सल्लाहकार समेतलाई अडिट रिपोर्ट बुझाएको १० दिन नाघिसकेको छ। समितिले उक्त अडिट रिपोर्ट सोही दिन प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालयमा बुझाएको थियो।

**अध्यक्ष, सचिव र व्यवस्थापकविरुद्ध किटानी जाहेरी**

सहकारीका बचतकर्ताहरुद्वारा गठित छानबिन व्यवस्थापन र समन्वय समितिको तर्फबाट इलाका प्रहरी कार्यालय बुटवलमा सहकारीका अध्यक्ष घनश्याम तिवारी, सचिव रामबहादुर थापा र व्यवस्थापक वसन्त पराजुलीविरुद्ध सहकारी ठगीमा किटानी जाहेरी परेको छ।

उनीहरुविरुद्ध शुक्रबारै किटानी जाहेरी परेको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले बताए।

किटानी जाहेरी परेपछि अनुसनधान अगाडि बढेको हुँदा अनुसन्धान टुंगिएपछि अभियोजन गर्ने डीएसपी रानाले जनाए। यसअघि पनि बचतकर्ताले उनीहरुविरुद्ध छानविनको माग गर्दै उजुरी दिएका थिए। अहिलेको उजुरी सहकारी ठगीमा आएकाले अब यसैअनुसार कारबाही अगाडि बढाइने उनले बताए।

व्यवस्थापक वसन्त पराजुली एक साता प्रहरीको हिरासत बसेर छुटिसकेका छन् भने अध्यक्ष र सचिवविरुद्ध पनि रुपन्देही जिल्ला अदालतले दुई साता अघि नै पक्राउ पुर्जी जारी भएको थियो।

तर उनीहरु अहिलेसम्म पक्राउ नपर्दा बचतकर्ताले राजनीतिक संरक्षणको आशंका गरेका छन्। अध्यक्ष तिवारी र सचिव थापा दुबैजना कांग्रेसका स्थानीय नेता हुन्।

गृहमन्त्री पनि कांग्रेसकै भएकाले उनीहरुलाई जोगाउने षड्यन्त्र गरिएको बचतकर्ताहरुको आरोप छ।

सहकारीका करिब २ हजार बचतकर्ताको रकम बैंकमा जम्मा नगरी अध्यक्ष, सचिव र व्यवस्थापकको मिलेमतोमा निजी खातामा जम्मा गरेको, सहकारीको सफ्टवेयर 'अफ आवर' अर्थात् कार्यालय बिदा भएपछिको समयमा चलाएको, ऋण नलिएका व्यक्तिको नाममा ऋण देखाइएको र विनाधितो ऋण प्रवाह गरिएको भेटिएको प्रतिवेदनमा उल्लेख छ।

ऋणका फाइलमा प्रक्रिया पूरा नगरिएको, १० लाखभन्दा माथिको फाइलमा इञ्जिनियरिङ मूल्यांकन नगरेको, ऋण नलिएका व्यक्तिहरूको नाममा ऋण देखाइ महिनाको अन्त्यमा देखिएको ऋण अर्को महिनाको पहिलो साता 'शून्य' बनाइएको, नक्कली सदस्यहरु बनाएर ऋण लगानी गरेको, ऋण लगानी गरेको ६ महिनापछि सदस्य बनाएको जस्ता बद्मासी भएको प्रतिवेदनमा उल्लेख छ।

अध्यक्ष तिवारी १७ वर्षदेखि अध्यक्ष पदमा रहेका र सञ्चालक समितिमा एउटै दलका मान्छेको बर्चस्व रहेकाले मिलेमतोमा बचत अपचलन भएको आरोप छ।

प्रदेश सहकारी ऐन, २०७६ को दफा ३७ को उपदफा (१) मा, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन नपाउने व्यवस्था छ।

सहकारीका अध्यक्ष घनश्याम तिवारी र सचिव रामबहादुर थापा क्षेत्री लामो समयदेखि फरार रहेकाले बचतकर्ताहरु अन्यौलमा परेका छन्। उनीहरुले आफूहरुको बचत फिर्ता गर्न माग गर्दै दिनहुँ बैठक र छलफल गरिरहेका छन्।

यस प्रकरणबारे जानकारीका लागि प्रदेश राजधानीमा रहेको सहकारी दर्ता अधिकारीको कार्यालयका प्रमुख सुरेशचन्द्र आचार्य र वरिष्ठ अधिकृत बाबुराम पन्थी दुवैले फोन उठाएनन्।

## नवलपरासीमा लम्पी स्किन संक्रमण बढ्दै

लुम्बिनी प्रदेशकै पहिलो प्रभावित जिल्ला बनेको नवलपरासीमा हालसम्म पाँच पशुको मृत्यृ र एक सय १८ पशु प्रभावित भएका छन्।



**केशव पराजुली**

*नवलपरासी*

लम्पी स्किन सङ्क्रमणबाट नवलपरासी पश्चिमा पाँच पशुको मृत्यृ भएको छ। त्यस्तै जिल्लामा अहिलेसम्म लम्पी स्किन रोगका कारण १ सय १८ पशु प्रभावित भएका छन्। रोगबाट प्रभावित पशुको उपचार भैरहेको छ। लम्पी स्किन रोगको सङ्क्रमणमा पश्चिम नवलपरासी लुम्बिनी प्रदेशकै पहिलो प्रभावित जिल्लामा देखिएको छ।

जिल्लाको रामग्राम, सुनवल र बर्दघाट नगरपालिका तथा प्रतापपुर, सुस्ता र सरावल गाउँपालिकाका पशुमा लम्पी स्किन रोगको सङ्क्रमण देखिएको भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र नवलपरासीका विकास निर्देशक श्रवणकुमार चौधरीले बताएका छन्। असार महिनादेखि फाटफुट रुपमा देखिएको रोगले अहिले आएर संक्रमणको रुप लिन लागेको निर्देशक चौधरीले बताए। रोग फैलिएको क्षेत्रलाई घेराबन्दी गरेर सङ्क्रमण फैलिन नदिने प्रयास गरिएको चौधरीले जनाए।

जिल्लामा ८३ हजार ४ सय ८८ गाईभैंसी छन्। सङ्क्रमणबाट भैंसीभन्दा धेरै गाईमा रोग फैलिएको छ।

» बाँकी ३ पेजमा


## मानिस हराएको सूचना

म यो सूचना मार्फत जानकारी गराउन चाहान्छु कि राष्ट्र भारत, उत्तर प्रदेश, (उद्योग नगर) कानपुर, दादा नगर ९२०, पिन नं. २०८०२२ को राम प्रताप विश्वकर्माको छोरा, मेरो दाइ वर्ष ३६ का संजिव विश्वकर्मा यहि मिति २०८२/०४/१८ आइतबारका दिन लुम्बिनी नेत्र विज्ञान, सिद्धार्थनगर-३, रुपन्देही, नेपाल आउने क्रममा हराएको र सोहि दिनको दिउँसो देखि उहाँसँग कुनै खालको सम्पर्क हुन नसकेको हुँदा भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय तथा तल उल्लेख गरिएको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु।



विवरण
नाम : संजीव कुमार विश्वकर्मा
उमेर : ३६, उचाई-६ फुट, रंग- गोरो
मोबाइल : +91 9455817935
लुगा : आकाशी रंगको टिसर्ट र गाढा निलो जिन्स

चौकी प्रभारी दादानगर, कानपुर नगर 8299290924

थाना प्रभारी गोविन्द नगर 9454403726

प्रार्थी
राजीव कुमार विश्वकर्मा
९२०, दादानगर कानपुर, उ.प्र. (भारत)
मो: 876569688,7753889885, 9695419211, 9935099331

नोट: फेला पार्नुहुने जो कोहिलाई पुरस्कारको व्यवस्था गरिएको छ।

# सम्पादकीय

## कारागारलाई सुधार गृह बनाऊ

कैलाली कारागारमा झडप हुँदा शनिबार एक जनाको मृत्यु र ४५ घाइते भएको घटनाले कारागारभित्रको कमजोर सुरक्षा व्यवस्थापन पुनः बाहिर ल्याएको छ। कैलाली कारागारमा भएको यो घटना पहिलो होइन्, यसभन्दा अघि मुलुकका विभिन्न कारागारमा पटक-पटक कैदी-बन्दीबिच आपसमा झडप हुँदै आएका छन् । कैदी-बन्दीबिचको झडप कारागारका सुरक्षाकर्मीले नियन्त्रणमा लिन नसक्दा जनधनको क्षति हुँदै आएको छ । पटक–पटक कारागारमा भइरहेका यी घटनाले सुरक्षा संवेदनशिलता बुझेर व्यवस्थापनमा राज्य चुकिरहेको देखिन्छ।

कारागारमा दुई प्रकारका व्यक्ति हुन्छन् । पहिलो कुनै अपराधमा संलग्न भएको अभियोगमा अदालतमा मुद्दा चलेका, तर मुद्दाको किनारा लागिनसकेकाहरु पुर्पक्षको लागि थुनामा रहन्छन् । दोस्रो कुनै अपराध गरेपछि अदालतबाट दोषी ठहर भएपछि सजाय पाएका व्यक्ति हुन्छन् । यी दुई खालका व्यक्तिहरु फरक–फरक मुद्दा र प्रकृतिका हुन्छन् । उमेर समूह, भाषा, समुदायगत प्रतिनिधित्व फरक फरक हुने भएकाले उनीहरुको सोंचाइ, बुझाइ र भोगाइ फरक हुने नै भयो । उनीहरुबिच यही फरक बुझाइले कारागारमा तनाव हुँदै आएको छ । कारागार व्यक्तिलाई सुधारका लागि हो । तर नेपालका कारागार सुधारका लागि नभएर झनै आक्रोश बढाउने ठाउँ भएका छन् । त्यहाँ क्षमता भन्दा बढी कैदी–बन्दी छन्, उनीहरुलाई शौचालय, खानेपानीलगायतको आधारभूत सुविधा पर्याप्त छैन । जीर्ण भवनमा कोचिएर बस्नुपर्ने बाध्यताले निराशा चुलिंदै जाँदा हुने आक्रोश धेरै छ । कैलाली कारागारमा घटनाको १४ घण्टासम्म प्रहरी भित्र पस्न सकेन् । मुलढोकामा ताल्चा लगाएरभित्र कैदीबन्दीबिच झडप भयो । मुल ढोका ग्यासको सिलिण्डर राखेर उनीहरुले प्रहरीलाई अवरोध गरे । ताल्चा खोलेरभित्र पसे ग्यास सिलिण्डर फड्काइदिने धम्की दिएर उनीहरुले जे-जस्तो क्रियाकलाप गरे, त्यसले नेपालको सुरक्षा व्यवस्थापनमा चुनौती थपिएको छ ।

गृहप्रशासनका अनुसार देशभरका कारागारमा क्षमताभन्दा ११ हजार कैदी बन्दी छन् । उनीहरुलाई कारागारमा बस्दा कुनै सीपमूलक तालिम छैन । आयमूलक व्यवसाय छैन । गुल्मी कारागारमा आयमूलक व्यवसायमा सहभागी हुन पाउँदा कैदी बन्दीले आम्दानी गर्न पाएका छन् । उनीहरुले फर्निचर उद्योग चलाएर आम्दानी गर्न पाउँदा सजाय भुक्तान गरी निस्कदा उनीहरुलाई जीवनयापन सहज भएको छ । कारागारबाट निस्केपछिको अनिश्चित जीवनले पनि उनीहरुलाई पिरोलिरहेको हुन्छ । सुधार गृह हुनुपर्ने कारागार अपराधलाई झन संस्थागत गर्ने थलो भयो भनेर आलोचना हुँदै आएको छ । कारागारबाट निस्केपछि कतिपय जघन्य अपराधमा संलग्न भएका घटनाले त्यसलाई पुष्टि गर्दै आएको छ । गुल्मी कारागारमा कैदी र बन्दीका लागि काम गर्ने अवसर उपलब्ध गराएर सुधार गृह बनाउने प्रयास अन्यत्रका लागि पनि नमूना हुनसक्छ ।

कारागार सुधारका लागि दशकअघि तत्कालीन गृहमन्त्री वामदेव गौतमले अपराधशास्त्री डा. युवराज संग्रौलाको नेतृत्वमा कारागार सुधार कार्यदल गठन गरेका थिए । संग्रौलाको कार्यदलले बुझाएको प्रतिवेदनमा बाँकेमा कृषि फार्मिङसहितको खुला कारागार बनाउने, त्रिशुलीमा औद्योगिक कारखानासहितको कारागार बनाउने र भीमफेदीको कारागारलाई स्तरोन्नति गर्ने सुझाव दिएको थियो । बाँकेको खुला कारागारमा साना-साना घर बनाउने, त्यही घरमा परिवारसँग केही दिन बिताउन समेत दिने र उनीहरुलाई खेतीपातीमा लगाउने तथा त्रिशुलीको औद्योगिक कारखानासहितको कारागारमा औद्योगिक उत्पादनमा लगाउने कार्यदलको प्रतिवेदनमा उल्लेख छ । यो प्रतिवेदन कार्यान्वयनमा ल्याइएन् । देशभरका कारागारलाई सुधार गृहको रुपमा विकास गर्न संग्रौला कार्यदलको प्रतिवेदन कार्यान्वयन गरी कारागारलाई यातना र अपराधिक स्थलको साटो सुधारगृहको रुपमा विकास गर्न ढिलाइ गर्न हुन्न ।

## रूपन्देही क्षेत्र नं. ३ को उप–निर्वाचनः

# जनभावना, विकल्प र आगामी बाटो



**आनन्द खनाल**

*आफूलाई मुख्यधारका ठूला दलहरू भन्नेहरु आम जनताका पछिल्ला दिनका भावनाहरुको सम्मान गर्ने भन्दा पनि अझै आफ्नो संगठन, पुराना मत आधार, चुनावी दाउँपेच र केही सीमित आसेपासेहरुले देवत्वकरण गरी सबै ठिक छ भन्ने कथनहरुमा वा अन्य चुनावी मेसिनरीमा आत्मविश्वासी देखिन्छन् । भने नयाँ भनिएका दलहरु पनि उस्तै हुन भन्ने आसयको प्रचार केही उदाहरणहरुका कारण एवं यहाँको मात्र होइन्, नेपाल भरीका आम जनताको निरासा, दलहरुले गरेका काण्डहरु, कुशासन आदिका कारण दलको टिकट पाउने मात्रले अब सहज विजय दिलाउने अवस्था नरहेको आम मतदाताहरुको धारणा रहेको देखिन्छ ।*




रुपन्देही क्षेत्र नं. ३ हाल देशकै राजनीतिक नजरमा परेको क्षेत्र बनेको छ । यस क्षेत्रबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सदस्यको निधनपछि रिक्त भएको यो सिटमा कार्तिक २७ गते उप-निर्वाचन हुने तय भएको छ । ऐतिहासिक, भौगोलिक र आर्थिक दृष्टिले महत्त्वपूर्ण भैरहवा र वरिपरिका क्षेत्र समेटिएको यो निर्वाचन क्षेत्र अहिले बहस, तर्क-वितर्क र भविष्यका आकांक्षाले भरिएको छ । यहाँका जनताले विगतका अनुभव, वर्तमानका असन्तोष र भविष्यका अपेक्षालाई जोडेर उम्मेदवारको छनोटबारे धारणा बनाइरहेका छन् ।

रुपन्देही-३ का मतदाताले अघिल्ला निर्वाचनहरुमा विभिन्न दलका उम्मेदवारलाई अवसर दिएका थिए । कुनै बेला उम्मेदवारलाई देख्न नपाई मतदान गरे, पछिल्ला कतिपय चुनावहरुमा राजनीतिक स्वार्थ, व्यक्तिगत स्वार्थ चुनाव जित्ने परिपञ्च, राष्ट्रिय समीकरण जस्ता कारणले दल, कुन दल ? भन्दा पनि दलको आदर्श र आफ्ना दल र चुनाव चिन्हलाई थाँतिमा राख्दै सबैले सबै दललाई एक आपसका विभिन्न फरक चुनाव चिन्हमा मदतान गरेको अवस्था पनि थियो । निर्वाचनको मुखमा होस् वा अन्यबेला यस क्षेत्रका जनताबिच अहिलेको प्रमुख गुनासो भनेको विजयी भएपछि नेताहरू हराउने, चुनावी वाचा कागजमै सीमित हुने चुनावको बेला खोक्रो आस्वासन बाँड्ने र तिनका हिजो आजको भाषा भन्ने हो भने झोलेहरुले ती सबैको वाचा गर्ने, तर वाचा भने अधिकांश काम कागजी अवधारणामा सीमित रहन पुगे र विभिन्न वहानामा वा काण्डहरुका नाममा ओझेलमा परेको भन्ने यस क्षेत्रका आम मतदाताको धारणा रहेको देखिन्छ ।

राष्ट्रकै आर्थिक विकासमा टेवा दिन सक्ने र गेम चेन्जर परियोजना रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनको विषय पनि सबैका चुनावी ऐजेण्डा र रणनीति भने, तर पनि आजका दिनसम्म त्यसको प्रभावकारी उपयोग र क्षेत्रीय आर्थिक लाभका लागि नीतिगत पहल कमजोर देखिएको जनताको ठम्याइ छ र यस पालिको उप-निर्वाचनमा पनि पुनः गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालनको विषय पनि सबैका चुनावी ऐजेण्डा र रणनीति भन्ने निश्चित जस्तै देखिएको छ भने त्यसैको ओझेलमा कृषिको आधुनिकीकरण, साना तथा मझौला उद्योग विस्तार, व्यापारिक अवसर, सीमा क्षेत्रका चुनौती, रोजगारी र पर्यटन प्रवर्धनजस्ता क्षेत्र परेको देखिन्छ, यसबारे सबै राजनीतिक दलहरु वा उम्मेदवारहरुको परिणाम योग्य धारणा यस पटकको निर्वाचनमा जनताले कुरेर बसेका छन् । हालको राजनीतिक परिवेशमा केन्द्रीय सरकारप्रति मात्र होइन, सम्पूर्ण राज्य सयन्त्र, स्थानीय तहका नेतृत्व र दलहरुका जनप्रतिनिधहरुका संगठनात्मक कामप्रति पनि आलोचना व्यापक रहेको अवस्थामा हुन गइरहेको निर्वाचनमा पार्टीगत आस्थाभन्दा बढी अब जनताले असली काम गर्ने जनप्रतिनिधि खोज्नुपर्ने धारणा बढ्दै गएको छ भने विभिन्न सामाजिक सञ्जालहरुमा समेत दलको हैसियत होइन, कामको हिसाब चाहिन्छ भन्ने टिप्पणीहरू प्रशस्त देखिएका छन् ।

यद्यपि आफूलाई मुख्यधारका ठूला दलहरू भन्नेहरु आम जनताका पछिल्ला दिनका भावनाहरुको सम्मान गर्ने भन्दा पनि अझै आफ्नो संगठन, पुराना मत आधार, चुनावी दाउँपेच र केही सीमित आसेपासेहरुले देवत्वकरण गरी सबै ठिक छ भन्ने कथनहरुमा वा अन्य चुनावी मेसिनरीमा आत्मविश्वासी देखिन्छन् । भने नयाँ भनिएका दलहरु पनि उस्तै हुन भन्ने आसयको प्रचार केही उदाहरणहरुका कारण एवं यहाँको मात्र होइन्, नेपाल भरीका आम जनताको निरासा, दलहरुले गरेका काण्डहरु, कुशासन आदिका कारण दलको टिकट पाउने मात्रले अब सहज विजय दिलाउने अवस्था नरहेको आम मतदाताहरुको धारणा रहेको देखिन्छ ।

चुनाव मिति घोषण गरेपश्चात् यस भेग विषेश गरी भैरहवा क्षेत्रमा स्थानीय वा टुरिष्ट उम्मेदवार चयनबारे चलिरहेको बहस दुई धार प्रस्ट देखिन्छन्, पहिलो, स्थानीय उम्मेदवार नै हुनुपर्छ भन्ने समूह जुन समूहको तर्क छ कि स्थानीय समस्या, संस्कृति र जनजीवन बुझ्ने मानिस मात्र प्रभावकारी प्रतिनिधित्व गर्न सक्छ र जो यहाँको मतदाताई भेटघाट गर्न सहज हुन्छ भन्छन् भने दोस्रो समूह प्रतिनिधिसभाको चुनाव भएकोले निर्वाचन कानुन, र टुरिष्ट वा बाहिरको भए पनि सक्षम, इमानदार र परिणाममुखी हुँदा के बिग्रन्छ र बिगतमा स्थानीयलाई अवसर दिएकै हो ? तर ठोस परिणाम देखिएन भन्ने पनि सुनिएका छन् । यसको निक्यौल आगामी परिणामले देखाउला नै ? जितेर गएका उम्मेदवारहरूमा केहीले व्यक्तिगत र सीमित परियोजनामा मात्र सक्रियता देखाए, जसले सामूहिक विकासको अनुभूति दिलाएन । धेरैले चुनावी अवधिमा मात्र जनताको घरघरमा पुगेको, चुनाव जितेपछि सम्पर्क टुटाएको र राष्ट्रिय मञ्चमा क्षेत्रका मुद्दा प्रभावकारी रूपमा नउठाएको आलोचना जनताबाट गरेका छन् ।

अहिले जनतामा मुख्य प्रश्न उठेको छ-के यसपटकको चुनावमा दलहरूले फेरि केवल पार्टी निष्ठाको आधारमा उम्मेदवार ल्याउनेछन् वा साँच्चै काम गर्ने, जनताको समस्या बुझ्ने र समाधान गर्ने इमान्दार व्यक्तिलाई अघि सार्नेछन् । विगतको अनुभवले जनतामा केही निराशा जन्माएको छ, किनकि धेरै उम्मेदवारहरूले चुनाव जितेपछि चुनावी वाचा बिर्सिएको, क्षेत्रको दीर्घकालीन विकास योजनामा खास प्रगति नगरेको आलोचना सामाजिक सञ्जालदेखि चोक-गल्लीसम्म खुलेर भएको छ । यस क्षेत्रका मतदाताको संरचना विविधतायुक्त छ–शहरी भैरहवाको व्यापारिक वर्गदेखि ग्रामीण क्षेत्रका कृषक, युवा बेरोजगारदेखि वैदेशिक रोजगारीमा गएका परिवारका सदस्य, कतिपय नौलाखाले ? एवं कतिपय नयाँ जेन जी भनिने पुस्ता यस विविधताले उम्मेदवारको लागि नीति तथा दृष्टिकोणमा व्यापकता ल्याउनुपर्ने आवश्यकतालाई स्पष्ट देखाउँछ ।

सडक, खानेपानी, अस्पताल, शैक्षिक संस्थाहरूको सुधार, उद्योगमैत्री नीतिहरू, र पर्यटकीय सम्भावनाको उपयोगदेखि विमानस्थलको सञ्चालन मात्र होइन्, लुम्बिनीलाई विश्वस्तरीय पर्यटकीय गन्तव्यको रूपमा उभ्याउने योजना, औद्योगिक र व्यवसायिक विकास, सुशासनको अनुभूतिमा योगदान दिन सक्ने र इमान्दार र काम गर्न सक्षम व्यक्ति, बोल्ने होइन, गर्ने नेता खोजीरहेका छन् । यो उप-निर्वाचन केवल सिट पूर्ति गर्ने औपचारिकता मात्र होइन, क्षेत्रको दीर्घकालिन राजनीतिक संस्कृतिमा परिवर्तन ल्याउने अवसर पनि हो भने मतदाताले यदि काममुखी, पारदर्शी र नतिजा दिने नेतृत्व रोज्न सके भने यो क्षेत्र उदाहरणीय बन्न सक्छ । उम्मेदवारलाई मात्र होइन्, तिनले प्रतिनिधित्व गर्ने दललाई समेत सकारात्मक उर्जा दिन सक्छ, तर निर्वाचित भए पनि एक संसद सदस्यको रुपमा अब बाँकी रहेको छोटो समयमा केही गर्न नसक्ने अवस्था भने निकै चुनौती पूर्ण रहने खतारा छ । तर यदि पुरानै शैली, नतिजाविहीन वाचा र पार्टीगत चापमा मात्र निर्णय भयो भने विगतकै निराशा दोहोरिने खतरा रहन्छ, यसले जनभानामा फेरि कुठारापात हुने निश्चित छ ।

नेपालकै महत्वपूर्ण औद्योगिक, वाणिज्य र सिमानाका कारण प्रमुख मानिने भैरहवा र यसको आसपासका क्षेत्रका ग्रामीण तथा शहर उन्मुख जनताले अब पुनः आफ्नो आवाज प्रतिनिधित्व गर्ने व्यक्तिलाई रोज्नु पर्ने अवस्थामा पुगेका छन् । कार्तिक २७ गते हुन लागेको उप-निर्वाचनले केवल नयाँ सांसद रोज्ने मात्र होइन्, यस क्षेत्रको भविष्यको राजनीतिक दिशा मात्र होइन्, २०८४ को चुनावको गति पनि तय गर्नेछ भन्ने धारणा यहाँका धेरै मतदाताको छ । आम जनताहरु वा मतदाताको अपेक्षा पार्टी, नयाँ, पुराना जुन जे सुकै भए पनि काम गरेर देखाउने प्रतिनिधिको खोजिमा र राज्य प्रतिको निराशालाई परिवर्तनको मतमा रूपान्तरण गर्ने तयारीमा देखिएको हो की भन्ने पाटो चिया गफ र सामाजिक सञ्जालहरु नियाल्दा देखिन्छ र यस विषयलाई नजरअन्दाज गर्न नमिल्नले संकेत देखा परेका छन्, यो सबै उम्मेदवार पार्टीहरुलाई चुनौती हुन्, विषेश गरी पुराना भनिएकालाई । समग्रमा, रुपन्देही क्षेत्र नं. ३ को यो उप-निर्वाचनले यहाँको राजनीतिक संस्कृतिमा नयाँ मोड ल्याउन सक्छ । यदि मतदाताले सक्षम, इमान्दार र परिणाममुखी व्यक्तिलाई रोजे भने, यो केवल क्षेत्रकै लागि होइन्, अगामी दिन वा वर्षहरुमा देशभरका अन्य निर्वाचन क्षेत्रका लागि पनि एउटा उदाहरण बन्न सक्छ ।

## गर्भावस्थामा बिहान पैदल यात्रा गर्दा हुन्छन् यी ९ फाइदा

गर्भावस्थामा नियमित बिहानको पैदल यात्राले आमा र बच्चाको स्वास्थ्य सुधार्छ र सामान्य लक्षणहरू कम गर्छ ।

**१. मनोभाव परिवर्तनबाट राहत**

गर्भावस्थामा हार्मोनल परिवर्तनका कारण मनोभाव बारम्बार बदलिन्छ । बिहानको ताजा हावामा पैदल यात्रा गर्दा दिमागमा अक्सिजन पुग्छ र तनावका लक्षणहरू कम हुन्छन् । यसले मनोभाव ताजा राख्छ र डिप्रेसन वा चिन्ताको सम्भावना पनि घट्छ ।

**२. निद्राको गुणस्तर सुधार**

गर्भावस्थामा अनिद्राको समस्या सामान्य हुन्छ । बिहानको पैदल यात्राले शरीर थकित हुन्छ र मानसिक शान्ति प्राप्त हुन्छ, जसले रातमा गहिरो निद्रा लाग्छ । यसले शरीरलाई छिट्टै रिकभर गर्न मद्दत गर्छ र ऊर्जा कायम रहन्छ ।

**३. प्रसव प्रक्रिया सजिलो**

नियमित पैदल यात्राले पेल्भिक मांसपेशीहरू बलियो बनाउँछ, जसले सामान्य प्रसवको सम्भावना बढाउँछ । साथै, प्रसवको समयमा दुखाइ र समय पनि कम हुन सक्छ ।

**४. रक्तसञ्चार सुधार**

बिहानको पैदल यात्राले शरीरमा रक्तप्रवाह राम्रो हुन्छ । यसले प्लासेन्टासम्म पोषक तत्त्वहरू राम्रोसँग पुग्छन् र बच्चाको विकास सही ढंगले हुन्छ ।

**५. तौल नियन्त्रण**

गर्भावस्थामा तौल बढ्नु सामान्य हो, तर यदि यो आवश्यकताभन्दा धेरै भयो भने समस्याहरू निम्तिन सक्छन् । बिहानको पैदल यात्राले क्यालोरी खर्च गर्न मद्दत गर्छ र तौललाई नियन्त्रणमा राख्छ ।

**६. मधुमेह र रक्तचापबाट बचाउ**

बिहानको पैदल यात्राले ब्लड सुगर र रक्तचापलाई सन्तुलनमा राख्न मद्दत गर्छ । यसले गर्भावस्थामा हुने उच्च रक्तचाप वा गर्भकालीन मधुमेहको जोखिमलाई कम गर्छ ।

**७. ढाड दुखाइ र सुन्निने समस्याबाट राहत**

पैदल यात्राले शरीरमा तरल पदार्थको जमेर बस्ने समस्या हुन कम हुन्छ र रक्तप्रवाह सुध्रिन्छ, जसले खुट्टा सुन्निने र ढाड दुख्ने समस्याबाट राहत मिल्छ । यसले दैनिक कामहरूलाई सजिलो बनाउँछ ।

**८. मुटु स्वस्थ राख्छ**

गर्भावस्थाले मुटुको प्रणालीमा थप दबाब ल्याउँछ, किनभने मुटुले विकासशील भ्रुणमा रक्तप्रवाह गर्न थप मेहनत गर्नुपर्छ । त्यसैले, गर्भावस्थाको समयमा मुटुको स्वास्थ्य सुधार गर्न हिंड्नु एक राम्रो विकल्प हो । नियमित रूपमा हिंड्दा मुटुलाई बलियो बनाउन र रक्तसञ्चार सुधार गर्न मद्दत पुग्छ, जसले प्रिक्ल्याम्प्सिया जस्ता समस्याहरूको जोखिम कम गर्न सक्छ ।

**९. उर्जा बढ्छ**

गर्भावस्थाको प्रगतिसँगै, थकान धेरै महिलाहरूका लागि चिन्ताको विषय बन्छ । यस्तो अवस्थामा हिंड्नु फाइदाजनक हुन सक्छ । थकानमा हिंड्नु कसरी फाइदाजनक होला भन्ने लाग्न सक्छ, तर हिँड्दा थकानसँग जुध्न र ऊर्जाको स्तर बढाउन मद्दत पुग्छ । यसले पूरै शरीरमा अक्सिजन र रक्त प्रवाह बढाउँछ, जसले थकानको भावनासँग जुध्न मद्दत गर्छ ।

## युवा उमेरमै बिर्सिने रोग लाग्नुका ७ कारण



डिमेन्सिया एक ल्याटिन शब्द हो । जुन डिमेन्सबाट बन्छ । नेपालीमा जसको अर्थ दिमाग अस्थिर रहनु हुन्छ । डिमेन्सिया बिर्सिने रोगका रुपमा परिचित छ । जब हाम्रो मस्तिष्कको मेमोरी सेन्टर कमजोर हुन थाल्छ ।

जसले गर्दा दैनिक कार्य पनि भुल्न थालिन्छ । साथै निर्णय लिने क्षमतामा पनि कमी आउन थाल्छ । डिमेन्सिया विभिन्न प्रकार हुन्छन् । जस्तै भाष्स्कुलर डिमेन्सिया, अल्जाइमर्स, फ्रन्टोटेम्पोरल डिमेन्सिया, लेभी डिजीज आदि ।

हामी सबै कतिपय अवस्थामा बिर्सिन्छौं । कहिले कसैको नाम र कहिले कुनै सामान कहीँ राखेर भुल्छौं । केही समयपछि याद आउँछ । यो भने डिमेन्सियाको लक्षण होइन । ल्याक अफ अटेन्सन अर्थात् एकाग्रताको कमीका कारण यस्तो हुन्छ । सामान्यतया उमेर बढ्दै जाँदा हुने यो समस्या अहिले युवावयमै पनि हुने गरेको पाइन्छ ।

**डिमेन्सियाका ७ कारण**

एक्सेटर र मास्ट्रिच युनिभर्सिटीले युवामै हुनुको कारण पत्ता लगाएको छ । अध्ययनमा ६५ भन्दा कम उमेरका साढे ३ लाख मानिस सामेल गरिएका थिए । उनीहरुमाथि गरिएको अध्ययनले ७ मुख्य कारण पत्ता लागेका हुन् ।

स्ट्रोक- स्ट्रोकका कारण दिमागमा ब्लड लेभलमा कमी वा दिमागभित्र रक्तश्राव हुन सक्छ । यसले दिमागको न्युरोलोजिकल फङसनमा हानी पुर्याउँछ । त्यसबाट डिमेन्सियाको खतरा बढ्दै जान्छ ।

**डाइबिटिज-**

मोडर्न साइन्मा अल्जाइमर्सको टाइप-३ डायबिटिजको नाम दिइएको छ । अनियन्त्रित ब्लड सुगरको सवैभन्दा धेरै असर ब्रेन न्युरोन्समाथि पर्छ । स्मृति कमजोर हुन थालेछ । त्यसैले डायबिटिज नियन्त्रणमा राख्न जरुरी हुन्छ ।

**भिटामिन डीको कमी -**

भिटामिनको मुख्य स्रोत घाम हो । भिटामिन डी नपाउँदा अक्सिडेटिभ तनाव बढ्छ, जसले दिमागले आरामको महशुस गर्न सक्दैन ।

सामाजिक एकांकी- जो समाजसँग घुलमिल हुँदैनन् । उनीहरुको दिमागमा आफ्नै र आफ्नाहरुका बारेमा अनेकथरी विचार उत्पन्न हुन्छन् । जसले दिमागमा अवसाद उत्पन्न हुने सम्भावना बढ्छ । कोरोना महामरीको समयमा गरिएको आइसोलेसनको असर दिमागमाथि परेको पाइएको छ । एक्लोपनाको शिकार भएकाहरुको दिमाग तीव्र रुपमा कमजोर हुने गरेको पाइएको छ ।

**मदिराको अत्याधिक सेवन -**

अत्याधिक मदिराको सेवनबाट दिमागको न्युरोन्सको सक्रिया कम हुन्छ । जसले बोल्ने, सोच्ने र कुरालाई याद राख्ने क्षमतामा कमी ल्याउँछ र तीव्र रुपमा मुड सुइङ हुन्छ । यस्तो अवस्थामा डिमेन्सियाको खतरा पनि बढ्छ ।

**मुटुसँग सम्बन्धित समस्या -**

जो मानिससँग मुटुसँग जोडिएका रोग हुन्छन्, उनीहरुमा डिमेन्सियाको खतरा अधिक हुन्छ । किनकि दिमागको रक्त बाहिनीमा रगत जम्ने वा रक्तस्राव हुने सम्भावना बढी हुन्छ ।

**तनाव -**

जब हामी कुनै कुरामा धेरै तनाव लिछौं त्यतिबेला ‘कोर्टिसोल’ नामक एक स्ट्रेस हर्मोन रिलिज हुन्छ । कोर्टिसोल मेमोरीमाथि सिधा असर पार्छ । यस्तोमा ज्यादा तनावले डिमेन्सियाको जोखिम बढाउन सक्छ ।

एजेन्सीहरुको सहयोगमा

# 'मोहनी ढोरपाटन' पुग्नै सकस





बागलुङ । ढोरपाटनको मोहनी दृश्यले कसलाई नलोभ्याउला र ? टिकटक र फेसबुकका रिल्समा ढोरपाटनको सुन्दरता देखेर ढोरपाटन हिँडेका धेरैलाई त्यहाँ पुग्ने सडकले भने अप्ठ्यारोमा पार्दछ । भुजीखोलाको किनारैकिनार यात्रा गर्दा पहिलोपटक ढोरपाटन पुगेका पर्यटकलाई वर्षायाममा भने निकै सास्ती हुने गरेको छ ।

बागलुङको बुर्तिबाङदेखि ३२ किलोमिटर कच्ची सडक पार गर्दै ढोरपाटन पुगेका पर्यटकले ढोरपाटन क्षेत्रको प्राकृतिक दृश्यले कष्टकर यात्रा बिर्साएको बताउँछन् । सामाजिक सञ्जालका कारण ढोरपाटन पुग्ने पर्यटकहरु दिनदिनै बढ्दै गइरहेको र सयौँथरिका बुकी फूलका कारण ढोरपाटने पर्यटकलाई लोभ्याएको छ । पर्यटकका कारण घरबास र होटलहरु फस्टाउँदै आएका छन् भने सिकार आरक्षको राजश्व सङ्कलन भइरहेको छ । महँगो मूल्यमा नाउर झारलको सिकार गर्न सकिने ढोरपाटनमा कतिपय विदेशी पर्यटक हेलिकप्टरबाट पनि पुग्ने गरेका छन् ।

खाल्टाखुल्टी, उकालो र हिलाम्मे सडक पार गर्दै दैनिक सयौँ सवारीसाधन ढोरपाटनमा पुग्ने गर्दछन् । राष्ट्रिय प्राथमिकताको सडक भएरसमेत बुर्तिबाङदेखि ढोरपाटनको सडकको अधिकांश स्थानमा स्तरोन्नति हुन सकेको छैन ।

बुटवलबाट ढोरपाटनको बुकीपाटन घुम्न आएका सिजन परियारले ढोरपाटनको दृश्यले लोभ्याएर आए पनि सडक भने असहज रहेको गुनासो गरे । "ढोरपाटन उपत्यकामा मोटरसाइकल राखेर एक दिन हिँडेर बुकी पाटन पुगियो, दृश्यले निकै लोभ्यायो", उनले भने-"ढोरपाटन आएपछि ढोरपाटन आउने दुःख बिर्सदो रहेछ, यति धेरै पर्यटक आउने सडकस्तरीय हुन आवश्यक छ ।"

बागलुङ बजारबाट चार दिनको पैदलमार्ग ढोरपाटनमा २०७१ सालमा सडक पुगेपछि एक दिनमा छोटिए पनि स्तरीय सडक नहुँदा पर्यटकले भने दुःख पाइरहेका छन् । पाँच वर्षदेखि हिउँदमा जेनतेन मिनी बस पुग्न थाले पनि बर्खा उक्त सडकमा यात्रुलाई सास्ती हुने गरेको छ । ढोरपाटन नगरपालिकाका कार्यवाहक प्रमुख कल्याण कायतले ढोरपाटन पुग्ने सडक कालोपत्र गर्नसके ढोरपाटनमा थेगी नसक्नु पर्यटक पुग्ने आशा व्यक्त गरे ।

उनले आरक्षले राजस्व उठाउने मात्रै काम गरेको भन्दै पर्यटकलाई उचित सूचना नदिएको बताए । "पटक-पटकको प्रयासपछि हिउँदमा त मिनीबस ढोरपाटन पुग्छ, तर बर्खामा उकालो सडक हिलाम्मे भएपछि साना सवारीसाधनसमेत जान कठिन हुन्छ, त्यहाँ अहिले जीप र मोटरसाइकल मात्रै जान सक्छन्", कायतले भने-"बर्खा सकिँदासाथ सालझण्डी-ढोरपाटन सडक आयोजनामार्फत् सडक स्तरोन्नतिको काम सुरु गर्ने सहमति भएको छ, बुर्तिबाङदेखि ढोरपाटनसम्मको सडक कालोपत्र भएमा ढोरपाटनले नथेग्ने पर्यटक यहाँ आउने देखिन्छ ।"

देशका सय पर्यटकीय गन्तव्यमा सूचीकृत ढोरपाटन विश्वभर चर्चित छ । चर्चित गन्तव्यमा पुग्ने सडक भने कष्टकर छ । ढोरपाटन भ्रमणका लागि बर्सेनि २० हजारभन्दा बढी आन्तरिक पर्यटक सडक मार्गबाट ढोरपाटन पुग्ने गरेका छन् । दुई वर्षअघिसम्म गुमनाम रहेको बुकीपाटन र जलजलाजस्ता क्षेत्रमा अहिले पर्यटक ह्वातै बढेको छ ।

राष्ट्रिय प्राथमीकरणको आयोजनाअन्तर्गत स्तरोन्नतिसँगै कालोपत्रका लागि ठेक्का लागिसकेकाले नगरपालिकाले अवरुद्ध सडक खुलाउने मात्रै काम गर्दै आएको उनले जानकारी दिए । पर्यटक बढेपछि स्थानीयको घरबास, होटल चलेको र घोडाधनीलाई लाभ मिले पनि सिकार आरक्षका कारण पर्यटकलाई भने असहज भएको छ । ढोरपाटन जाने सडक स्तरोन्नतिका लागि चार वर्षअघि ठेक्का भए पनि ३५ प्रतिशत मात्रै काम भएको देखिन्छ । बुर्तिबाङ फल्लेघरसम्मको सडक ग्राभेल गर्न ठेक्का लिएको स्वच्छन्द, ओमबुद्ध संयुक्त निर्माण कम्पनीले दसैंसम्ममा स्तरोन्नतिको काम पुनः थाल्नेगरी सहमति भएको ढोरपाटन नगरपालिकाले जनाएको छ ।

**छ हजारमै पुग्न सकिन्छ ढोरपाटन**

रु छ हजार खर्च गरेपछि पोखराबाटै ढोरपाटन पुग्न सकिने व्यवस्था मिलाइएको छ । पोखराको महाशिला एडेभेन्चरले अहिले दिनमा चार वटा स्कोरपियो गाडी ढोरपाटनका लागि छुटाउँदै आएको छ । महाशिला एडेभेञ्चर पोखराका सन्तोष देवकोटाले ढोरपाटन पुगेको दुई दिन एक रातको रु छ हजार र बुकी पुगेको तीन दिन दुई रातको रु आठ हजारमा पोखराबाट पर्यटकहरु पठाउने गरेको बताए ।

दुई वर्षयता प्याकेजमै ढोरपाटन र बुकी पुऱ्याउँदै आएको महाशिला एडेभेन्चरले सस्तो प्याकेजै पर्यटकलाई बुकी पुऱ्याउन थालेको छ । उनले प्याकेजमा जाने पर्यटकलाई बुकीसम्म घोडामा झोला समेत लैजाने व्यवस्था मिलाएको बताउदै ढोरपाटनबाट भने पर्यटक पैदल हिँड्नुपर्ने बताए ।

**एक वर्षमा आठ हजारले पर्यटक बढे**

नेपालको एकमात्रै सिकार आरक्ष क्षेत्र ढोरपाटन पुग्ने पर्यटकको संख्यामा बर्सेनि वृद्धि भइरहेको छ । ढोरपाटन सिकार आरक्ष कार्यालय बागलुङका अनुसार ढोरपाटन घुम्न आउने आन्तरिक पर्यटकको संख्यामा एक वर्षमै आठ हजारले वृद्धि भएको छ । कार्यालयका रेञ्जर सागर सुवेदीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेकामा आव २०८१/८२ मा पर्यटकको संख्या आठ हजारले बढेर २३ हजार ६९२ पुगेको छ ।

ढोरपाटनमा सिकार खेल्नमात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय सिकार आरक्ष क्षेत्र अवलोकन, ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकीपाटन र जलजलालगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक त्यहाँ आउने गरेका छन् । ढोरपाटन उपत्यकामा दुई दर्जन होटल तथा घरबास सञ्चालनमा रहेको र सोझै पोखरादेखि पर्यटकलाई प्याकेजमै ल्याउने लैजाने व्यवस्थापनका कारण पर्यटकलाई सहज भएको ढोरपाटन सामुदायिक घरबासका सञ्चालनक रामबहादुर घर्तीले बताए ।

ढोरपाटनको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकी र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण पर्यटकको संख्या बर्सेनि बढ्दै गएको सुवेदीको भनाइ छ । समुन्द्री सतहदेखि दुई हजार ९०० मिटरको उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन् ।

**के हो ढोरपाटनको आकर्षण ?**

बर्खामा फुल्ने अनेकथरी फूलले रङ्गिएको ढोरपाटन मुख्य आकर्षणका रुपमा छ । आठ किमी लामो ढोरपाटन उपत्यकामा फूलेका रातो, सेतो, पहेला रङ्गका फूल बर्खामा ढोरपाटनको मुख्य विशेषता हो । विभिन्न रङमा फुलेका फूलसँगै हरियाली बनेको समथर मैदानले आन्तरिक तथा बाह्य पर्यटकको ध्यान खिचेको छ । ढोरपाटन उपत्यका, प्रसिद्ध ढोरबारही मन्दिर, ढोरपाटन सिकार आरक्षको सङ्ग्रहालय, निसेलढोर, जलजला र बुकीपाटन ढोरपाटनका मुख्य घुम्न लायक ठाउँ हुन् ।

बर्खाको समय अन्यत्र पर्यटकीय गतिविधि शून्यप्रायः जस्तै हुँदा यसपटक भने बागलुङको ढोरपाटन पर्यटकले गुल्जार बनेको छ । ढोरपाटन उपत्यकामा फूलेका रङ्गीविरङ्गी बन फूलसँगै चरेका घोडाको दृश्यले पर्यटकको मनै लोभ्याउने गरेको छ । प्रचारप्रसार र पर्यटकीय पूर्वाधारका कारण पछिल्लो समय ढोरपाटनमा बर्खामा उत्तिकै पर्यटक आउने गरेको पाइएको छ ।

स्थानीय ढोरपाटन सामुदायिक घरबासका सञ्चालक मिलन घर्तीका अनुसार असारदेखि भदौसम्म अन्य ठाउँमा पर्यटकको आगमन शून्य भए पनि ढोरपाटन गुल्जार बनिरहेको बताए । घोडा सफारीका कारण स्थानीयको आयआर्जनमा वृद्धि भएको छ ।

कञ्चन उत्तरगङ्गा नदी, सुन्दर र समथर भूबनोट, अनेकथरी बुकीफूल र त्यसमाथि घोडा चरिरहेको दृश्यले ढोरपाटन पुग्ने जोकोही लोभिने गरेको काठमाडौँबाट मोटरसाइकलमा घुम्न आउनुभएको अनिल राजवंशीले जनाए । चार हजार मिटरभन्दा माथिको बुकिपाटन एक दिनको पदयात्रामार्फत पुगेको बताउँदै उनी ढोरपाटनको सौन्दर्यता बयान गरेर नसक्ने बताउँछन् । पाटनैभरि फूल्ने वनफूल, फूलमा घोडा, भेडाबाख्रा र गाईभैँसी चर्दै गरेको दृश्यले पर्यटकलाई तान्ने गरेको छ । अहिले सडक यातायात, होटल तथा घरबास सुविधा, सञ्चार सुविधाले यहाँ आउन निकै सहज भएको छ ।

**गोठालाको उत्पादन गोठमै खपत**

बागलुङको पर्यटकीय गन्तव्य ढोरपाटनमा पर्यटक बढेपछि भैँसी र भेडी गोठाला उत्साहित भएका छन् । बुकी पुग्ने पर्यटकका लागि खान बस्नमा सघाउँदै आएका गोठालाको आम्दानी बढ्दै आएको छ । पदमार्ग आसपास र बुकीपाटनमा चिया नास्ताका लागि स्थानीय उत्पादन खपत हुने गरेको छ । बुकीपाटन पुगेका पर्यटक गोठमै बस्ने र खाने गर्दा भैँसीको दूध, घ्यु तथा भेडाको मासु गोठमै खपत हुन थालेको हो ।

भैँसीपालन गरी उत्पादित घ्यू बिक्री गर्दै आएका बुकी पाटनका भैँसी गोठाला ७२ वर्षीय देवबहादुर विकले चरिचरनका रुपमा रहेको बुकीपाट पर्यटकीय गन्तव्य बनेपछि गोठमै पैसा आउन थालेको बताए । बुकीपाटन उक्लनेले बिचबाटोको चेप्टेढुङ्गामा गोठबाटै चिया बिक्री गरेर राम्रो आम्दानी गरेको गुमानसिंह कुमाइले बताए । दूधको चिया खपत भएपछि घ्यू र दही बनाउने झन्झट नभएको उनको भनाइ छ । समुन्द्री सतहदेखि दुई हजार ९०० मिटरको ढोरपाटन उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्ने थालेका छन् ।

**'गोठस्टे' सञ्चालन**

पर्यटकलाई लक्षित गरी बुकीपाटनमा दुई वटा गोठस्टे (गोठमा हुने बसाइँ) सञ्चालनमा रहेका छन् । अस्थायी रुपमा सञ्चालन गरिने गोठस्टे असारदेखि असोजसम्म सञ्चालन गरिने हाइअल्टिच्युट तथा टेन्टस्टेका सञ्चालक मेहेन्द्र घर्तीमगरले जनाए । उनले चार हजार मिटर उचाइमा पर्यटकलाई लक्षित गरी अस्थायी रुपमा भए पनि खाने र बस्ने सुविधा दिएको बताए ।

उनले सादा खानालाई रु ५०० र मासु खानालाई रु ८०० मा पर्यटकलाई पस्कने गरेको सुनाए । बुकीपाटनमा जाने पर्यटकको संख्या दिनानुदिन बढ्दै गएकाले गर्पाछेडामा दुई वटा गोठस्टे सञ्चालनमा ल्याइएको छ । पछिल्लो समय ढोरपाटन आउने अधिकांश पर्यटक बुकीपाटन पुग्ने गरेको ढोरपाटन सामुदायिक घरबासका सञ्चालनक मिलन घर्तीले जानकारी दिए ।

**सिकारमा रमाउँछन् विदेशी सिकारी**

सिकारले प्रसिद्ध कमाएको ढोरपाटनमा सिकार खेल्न महँगो मूल्य तिरेर विदेशी सिकारी आउने गरेका छन् । वैधानिक रुपमा सिकार खेल्न पाइने नेपालकै एकमात्र सिकार आरक्ष ढोरपाटनमा विदेशका धनाढ्य सिकारी सिकारमा रमाउन हेलिकप्टरमार्फत् आउने गरेका छन् ।

रेञ्जर सुवेदीका अनुसार दोस्रो याममा याममा ११ नाउर र सात झारलको सिकार भएको थियो । वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभागले गत माघ १५ गते सिकार गर्नका लागि बोलपत्र आह्वान गरी १३ नाउर, १० झारल र १२ बँदेल गरी ३५ वन्यजन्तुको सिकार गर्ने अनुमति दिएको थियो ।

सिकार खेल्नका लागि हिमालयन वाइल्डलाइफ आउटफिर्टस प्रालि, ट्रयाक्स एण्ड ट्रेल्स प्रालि, हिमालयन सफारिज प्रालि, ग्लोबल सफारिज नेपाल, नेपाल ट्राभल एक्सपिडिसन र ओपन नेपाल वाइल्डलाइफ सफारिज गरी छ वटा कम्पनीले एक आर्थिक वर्षमा दुई याममा अनुमति प्राप्त गर्दै आएका छन् । १२ बँदेलको सिकार अनुमति दिए पनि एउटा पनि सिकार नभएको उनको भनाइ छ ।

ढोरपाटनमा हरेक वर्ष (असोज-मङ्सिर) पहिलो र (फागुन-बैशाख) दोस्रो याममा सिकार हुने गर्छ । सिकार आयममा अमेरिका, अर्जेन्टिना, स्पेनिस, प्रान्सलगायत देशबाट सिकारी आउने गरेको पाइन्छ ।

# एनपीएल अक्सनबाट आठ टोलीले ३७ खेलाडी छाने




बुटवल । नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो संस्करणका लागि भएको मिनी अक्सनबाट आठ टोलीले ३७ खेलाडी छानेका छन् । अक्सनका लागि छनोट गरिएका १६४ खेलाडीबाट ३७ खेलाडी अनुबन्ध भएका हुन् ।

अक्सनमा आठ टोलीले पहिलो चरणमा २६ खेलाडी अनुबन्ध गरेका थिए । पहिलो चरणमा अनुबन्ध नगरिएका बाँकी ११ खेलाडी 'विस लिस्ट'बाट छानिएका हुन् । 'ए' श्रेणीका चार खेलाडीलाई जनही रु १५ लाखमा खरिद गरिएको छ । दोस्रो संस्करणका लागि सबैभन्दा बढी मूल्यमा देव खनाल, अर्जुन साउद, आदिल आलम र पवन सर्राफलाई खरिद गरिएको छ । देव र अर्जुनले चितवन राइनोजबाट, आदिलले काठमाण्डू गोर्खाजबाट र पवनले कर्णाली याक्सबाट खेल्ने तय भएको छ । चारै खेलाडीलाई एउटाभन्दा बढी टोलीले भित्र्याउन खाजेबाट 'लक्की ड्र' मार्फत् निर्णय गरिएको थियो ।

यसैगरी दिलीप नाथ र शेर मल्ललाई लुम्बिनी लायन्सले, हेमन्त धामीलाई सुदूरपश्चिम रोयल्सले, सूर्य तामाङलाई विराटनगर किङ्सले, सन्तोष यादवलाई काठमाण्डू गोर्खाजले र युवराज खत्रीलाई कर्णाली याक्सले जनही रु १० लाखमा अनुबन्ध गरेको छ ।

यस्तै मयन यादवलाई जनकपुर वोल्टस्ले रु ७ लाख ७५ हजारमा तथा आकाश त्रिपाठीलाई काठमाण्डू गोर्खाजले रु ७ लाखमा अनुबन्ध गरेको छ । यसैगरी शङ्कर राना, नारायण जोशी र साहिल पटेललाई विराटनगर किङ्सले, अर्जुन कुमाललाई पोखरा एभेन्जर्सले, विशाल पटेल र दुर्गेश गुप्तालाई लुम्बिनी लायन्सले, आदित्य महता र विकास आग्रीलाई जनकपुर बोल्टसले, विपिन रावललाई चितवन राइनोजले तथा दिपक बोहरा र मिलन बोहरालाई सुदूरपश्चिम रोयल्सले जनही रु ५ लाखमा अनुबन्ध गरेको छ । उत्तम थापा मगरलाई काठामण्डु गोर्खाजलेरु रु ३ लाखमा अनुबन्ध गरेको छ ।

यसैगरी टेकबहादुर रावत र दीपेन्द्र थापालाई सुदूरपश्चिम रोयल्सले, सन्दीप खत्री क्षेत्री, अभिषेख तिवारी र कृष्ण पौडेललाई पोखरा एभेन्जर्सले, सचिन भट्टलाई जनकपुर बोल्टसले, तुलबहादुर थापालाई काठमाण्डू गोर्खाजले, इमरान शेख र दीपक डुम्रेलाई कर्णाली याक्सले, लुम्बिनी लायन्सले आदिल खानलाई, विराटनगर किङ्सले श्रवण किश्कुलाई तथा चितवन राइनोजले विपिन आचार्य र रञ्जित कुमारलाई जनही रु दुई लाखमा अनुबन्ध गरेको छ ।

एनपीएलको शनिबारको मिनी अक्सनमा १५० खेलाडीले भाग लिएका थिए । दर्ता भएका ४५८ खेलाडीबाट १५० जनालाई मिनी अक्सनका लागि छनोट गरिएको थियो ।

अक्सनमा 'ए' श्रेणीको न्यूनतम रु १० लाख र अधिकतम रु १५ लाख, 'बी' श्रेणीको न्यूनतम रु ५ लाख र अधिकतम रु १० लाख तथा 'सी' श्रेणीको न्यूनतम रु २ लाख र अधिकतम रु ५ लाख मूल्य राखिएको थियो । योसँगै आठ टोलीमा ८८ खेलाडी आबद्ध भएका छन् । प्रत्येक टोलीमा ११-११ नेपाली खेलाडी छनोट भएसँगै अब आठवटै टोलीले कम्तिमा चार विदेशी खेलाडी अनुबन्ध गर्नेछन् ।

**आठवटै टोलीको खेलाडी सूची**

लुम्बिनी लायन्स : रोहित पौडेल (मार्की खेलाडी), सन्दीप जोरा, विवेक यादव, तिलकराज भण्डारी, अभिशेष गौतम, दिनेश अधिकारी, दिलिप नाथ, विशाल पटेल, शेर मल्ल, दुर्गेश गुप्ता र आदिल खान ।

जनकपुर बोल्ट्स : आसिफ शेख (मार्की खेलाडी), अनिलकुमार साह, शुभ कङ्साकार, किशोर महतो, ललितनारायण राजवंशी, तुलबहादुर थापामगर, रुपेश सिंह, सचिन भट्ट, आदित्य महता, मयन यादव र विकाश आग्री ।

सुदूरपश्चिम रोयल्स : दिपेन्द्रसिंह ऐरी (मार्की खेलाडी), विनोद भण्डारी, आरिफ शेख, अविनाश बोहरा, ईशान पाण्डे, नरेन साउद, हेमन्त धामी, टेकबहादुर रावत, दिपेश थापा, दिपक बोहरा र मिलन बोहरा ।

कर्णाली याक्स : सोमपाल कामी (मार्की खेलाडी), गुल्शन झा, नन्दन यादव, अर्जुन घर्ती, दिपेन्द्र रावत, बिपिनप्रसाद शर्मा, युनिशविक्रमसिंह ठकुरी, पवन सर्राफ, इमरान शेख, दीपक डुम्रे र युवराज खत्री ।

चितवन राइनोज : कुशल मल्ल (मार्की खेलाडी), रिजन ढकाल, कमलसिंह ऐरी, दीपक बोहरा, अमरसिंह राउटेला, गौतम केसी, देव खनाल, अर्जुन साउद, बिपिन रावल, बिपिन आचार्य र रन्जित कुमार ।

काठमाण्डु गोर्खाज : करण केसी (मार्की खेलाडी), भीम सार्की, दिपेश कँडेल, शाहब आलम, प्रतिक श्रेष्ठ, राशिद खान, उत्तम थापा मगर, तुलबहादुर थापा, सन्तोष यादव, आकाश त्रिपाठी र आदिल आलम ।

विराटनगर किङ्स : सन्दीप लामिछाने (मार्की खेलाडी), लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, नरेन भट्ट, सुवास भण्डारी, सूर्य तामाङ, साहिल पटेल, नारायण जोशी, श्रवण किस्कु र शङ्कर राना ।

पोखरा एभेन्जर्स : कुशल भुर्तेल (मार्की खेलाडी), दिनेश खरेल, बिपिन खत्री, सागर ढकाल, किरण ठगुन्ना, आकाश चन्द, तृतराज दास, अभिषेक तिवारी, अर्जुन कुमाल, कृष्ण पौडेल र सन्दीप खत्री क्षेत्री ।

शनिबार सम्पन्न अक्सनमा खेलाडीमाथि सबैभन्दा धेरै खर्च चितवन राइनोजले तथा कम पोखरा एभेन्जर्सले गरेको छ । चितवनले रु ३९ लाख, काठमाडौँले रु ३७ लाख, लुम्बिनीले रु ३२ लाख, कर्णालीले रु २९ लाख, विराटनगरले रु २७ लाख, सुदूरपश्चिमले रु २४ लाख, जनकपुरले रु १९ लाख ७५ हजार तथा पोखराले रु ११ लाख खर्च गरेको छ ।

## विमानस्थल...

मुलुकका दुई ठूला दल कांग्रेस र एमालेको संयुक्त सरकार हुँदा समेत विमानस्थल नियमित सञ्चालनमा ध्यान नदिएको गुनासो उनीहरूको छ । नगरले आफैंले नेतृत्व गरेर जस्तोसुकै आन्दोलन गर्न तयार रहेको नगर प्रमुख खाँले जनाए ।

उप-प्रमुख अधिकारीले उपनिर्वाचन नजिकिदै जाँदा सबै दलका ठूला नेता रुपन्देही आउने भएकाले पहिलो चरणमा ती नेताहरूलाई भेटेर छलफल गरी दबाब सिर्जना गर्नुपर्ने बताइन् ।

सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा पर्यटन व्यवसायी विष्णुप्रसाद शर्माले सबैभन्दा पहिला विमानस्थल चलाउन आवश्यक कार्यालय खोलिनुपर्ने बताए ।

सिद्धार्थ होटल संघ नेपालका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले अब आन्दोलनको विकल्प नभएको बताए ।

तीन वर्षअघि उद्घाटन भएको विमानस्थलमा अहिले अन्तर्राष्ट्रिय उडान छैनन् । केही समय दुई/चार वटा अन्तर्राष्ट्रिय एयरलाइन्स आए पनि विभिन्न कारण देखाउँदै उडान कटौती गर्दै आएका छन् ।

## प्रदेशको...

विदेशमा दर्ता भएका मालवाहक बाहेकका सवारी साधान लुम्बिनी प्रदेशमा प्रवेश गरे पश्चात रुट दस्तुर लिने गरिएको छ । उनका अनुसार आर्थिक वर्ष २०८१-८२ मा यो सेवा वापत ६२ हजार ९ सय ६८ वटा सवारीसाधनलाई पटके सेवा दिई १२ करोड ८५ लाख राजस्व संकलन भएको बताए । अघिल्लो आर्थिक वर्षमा साना सवारी साधान जी कार भ्यानमा ५ सय रहेकोमा यस आर्थिक वर्षदेखि ३ सय कायम गरिएको छ ।

लुम्बिनी प्रदेशको सडक सवारी, यातायात तथा परिवहन ऐन २०७६ को दफा ११ मा ढुवानी तथा यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले बाहेक विदेशमा दर्ता भएको सवारी नेपालभित्र चलाउन भन्सार निस्सासहित अनुमति मागेमा कार्यालय प्रमुखले तोकिएको दस्तुर लिई एक सवारीलाई एक पटकमा सात दिनमा नबढ्ने गरि एक आर्थिक वर्षमा बढीमा तीस दिनसम्मको लागि त्यस्तो सवारी नेपाल भित्र चलाउने अनुमति दिन सक्नेछ भनी उल्लेख छ ।

सेवा कार्यालयले नेपालमा भन्सार गराई आउने प्रत्येक भारतिय मोटरसाइकल र स्कुटरको २००, साना सवारी साधन जीप कारको ३०० मझौला सवारी साधनको ७०० र ठूला सवारीसाधनको १००० लिने गरेको छ ।

उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका सचिव नारद गौतमले केन्द्रको बजेट वक्तव्यमा बाहेक कतै शुल्क नलिने भन्ने छैन । आर्थिक विधेयकमा पनि उललेख नभएकोले प्रदेशको राजस्वको स्रोत भएकोले प्रदेश सरकारको आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम कर उठाइएको उनले जनाए । प्रदेशको क्षेत्राधिकार प्रयोग गरेर दस्तुर उठाइएको हो, राजपत्रमा आएको कुरा हो, यस्को खारेजका लागि प्रदेश मन्त्रिपरिषद्‌ले निर्णय गर्नुपर्ने उनले बताए ।

प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डेले संघीय इकाईको भएकोले प्रदेशसँग बुझ्न आग्रह गरे ।

## नवलपरासीमा...

पशुरोग अन्वेषण प्रयोगशाला नवलपरासी पश्चिमका डाक्टर भरत काफ्लेले जिल्लामा अहिलेसम्म २७ पशुमा लम्पी स्किन रोग देखा परेको पुष्टी भएको र १३ पशुको नमूना परीक्षणका लागि पशुरोग अन्वेषण प्रयोगशाला काठमाडौं पठाएको बताए । गाईको छाला पातलो हुने भएका कारण गाईमा रोगको सङ्क्रमण बढी देखिएको डाक्टर काफ्लेले जनाए । असारदेखि जिल्लामा फैलिएको लम्पी स्किन रोगबाट नवलपरासी पश्चिम प्रदेशकै बढी प्रभावित जिल्ला रहेको उनले बताए । रुपन्देही, बाँके र बर्दियामा रोग देखापरेको भए पनि नवलपरासीमा जस्तो भयावह नरहेको उनले जानकारी दिए ।

असारमा बर्दघाट नगरपालिकामा देखिएको लम्पी स्किन रोग अहिले आएर जिल्लाका ३ नगरपालिका र ४ गाउँपालिकाका पशुमा देखिएको छ । लम्पी स्किन रोगबाट सबैभन्दा बढी भैंसीका पाडा, पाडी र गाईका बाच्छा, बाच्छीमा सङ्क्रमण बढी देखिएको भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र नवलपरासीकी पशु चिकित्सक डाक्टर विभूति सिंहले बताइन् । उनका अनुसार दैनिकजसो पशुसेवा विज्ञकेन्द्रमा पशुपालक किसानहरु आफ्ना पशुलाई रोग लागेको बताउन आउने गरेका छन् ।

एक हप्ता अगाडि गाईलाई रोग लागेर उपचार गराउँदै आएका रामग्राम वडा नम्बर ६ का वीरेन्द्रप्रसाद केवटले गाईको बाच्छीमा पनि रोग देखापरेको गुनासो गर्दै उपचारका लागि अस्पताल आएको बताए ।

लम्पी स्किन रोगबाट पशु सङ्क्रमण भएपछि पशुका शरीरमा घाउ आउने र घाउ पाक्ने भएका कारण किसानलाई उपचार गर्न समेत समस्या हुने गरेको पशु रोग अन्वेषण प्रयोग शाला नवलपरासी पश्चिमका डाक्टर भरत काफ्लेले बताए । वर्षाको समय भएका कारण रोग फैलिदै गएको डाक्टर काफ्लेको भनाइ छ । पाल्हीनन्दन गाउँपालिकामा भने अहिलेसम्म रोग देखानपरेको उनले जनाए । लम्पी स्किन रोग लाग्दा पशुलाई सुरुमा ज्वरो आउने, शरीरमा घाउ खटिरा आउने तथा घाँस र पानी नखाने लक्षण देखिन्छन् । रोगको पहिचान भएका पशुमा खोप लगाउने अभियान पनि केही दिनमा सुरु गरिने भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र नवलपरासीका निर्देशक श्रवणकुमार चौधरीले बताए ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशित मिति - २०८२/०४/२६

यस सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादन भई शितगंगा १४ वठेनींमा घाटगद्दी गरी राखिएको साल जातको काठ ९६३५.८० क्यू फि. अन्य जातको २७४६ .७६ क्यू फि. साल दाउरा २५.७५ चट्टा र अन्य दाउरा १८.७५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखांचीमा र अर्घाखांची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टांस गरिने छ ।

**श्री बुद्ध सामुदायिक वन उपभोक्ता समुह**
शितगंगा न. पा. १४ वठेनीं अर्घाखाँची

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# पाल्पामा थरिथरिका गाईजात्रा



**कृष्ण पोखरेल**
*पाल्पा*

तानसेनसहित पाल्पाका विभिन्न नेवारी बस्तीहरुमा गाईजात्रा निकालिएको छ । एक वर्षभित्र दिवंगत भएका परिवारका सदस्यहरुको सम्भनामा गाईजात्रा निकाल्ने परम्परा रहेको छ। विशेषगरी नेवारी समुदायमा गाईजात्रा परम्परा चलन चल्तीमा रहेको पाइन्छ।

नेवार समुदायको बसोबास रहेको तानसेन, हार्थोक, ताहुँ भैरवस्थान, पेलावास, रिडी लगायतका क्षेत्रमा परम्परागत रुपमा गाईजात्रा निकालिएको छ।

नेवारी समुदायमा गाईजात्रा मनाउने विभिन्न मान्यता रहेको पाइन्छ। पाल्पामा कसैले धार्मिक परम्पराअनुसार गाईजात्रा मनाउने गर्दछन् भने केही समुदायमा भने मनोरञ्जनको लागि गाईजात्रा मनाउने गरिएको छ । विगतमा मनोरञ्जनका कुनै आधुनिक साधन र प्रविधि नहुँदा विभिन्न किसिमका जात्राहरु नै मनोरञ्जनका साधनका रुपमा परिचित रहेका थिए।

गाईजात्रालाई मृत्यु गणनाको दिनको रुपमा पनि लिने गरिन्छ। राजा प्रताप मल्लको छोराको मृत्यु भएपछि रानीले शोक गरिरहेको समयमा अन्य मानिसहरु को मृत्यु भइरहेको छ भनेर रानीलाई सम्झाउन, वर्षभरीमा मृत्यु गणनाको रेकर्ड राख्न गाईजात्रा निकाल्ने परम्पराको सुरुवात भएको संस्कृतिविद निर्मल श्रेष्ठले बताए।

मृतकको घरपरिवारबाट गाईजात्रा निकाल्दा मृतक व्यक्तिको स्वर्गमा बास हुने मान्यता रहेको छ। गाईजात्राको दिन यमलोकको ढोका खुल्ने भएकोले मृतकको नाममा जनै पूर्णिमाको भोली पल्ट गाईजात्रा निकाल्ने चलन रहेको छ। घरपरिवारबाट मृतकको नाममा राधा कृष्ण तथा विभिन्न भगवानका रुप बनाए मानिसलाई सिंगार पटार गर्ने, निगुर्ण भजन, कृर्तन गर्दै, मृतकको फोटो देखाउँदै आफन्त, ईष्टमित्र, साथीभाइको साथमा तानसेनमा गाईजात्रा निकालिएको हो । आर्थिक अवस्था कमजोर भएका घर परिवारबाट भने छोराहरु जोगीको रुप धारण गरेर भिक्षा माग्ने, कसैले सक्कली गाईलाई डोऱ्याएर हिंड्ने, कसैले काम्ले गाई, बासा, ताहमचा, बनाएर गाईजात्रामा पदर्शन गर्दै आएका छन्। आजकल नेवारी समुदायको सिको गरी अन्य समुदायले पनि गाईजात्रा मनाउँदै आएको तानसेन कैलाशनगरका लक्ष्मण रावलले बताए।

मानिसको बसाईसराइसँगै परम्परागत कला संस्कृति पनि हराउँदै गएका छन्। नेवारी समुदाय तानसेनबाट विस्थापित हुँदै जाँदा परम्परागत कला संस्कृतिमा पनि कमि आएको छ। विभिन्न बहाना तथा अत्याधिक खर्चको कारण गाईजात्रा विगतका वर्षहरुमा जस्तो चहल, पहल, भिडभाड र रौनक हराउँदै जान थालेपछि नेवा गुठी तानसेन पाल्पाले संयुक्त रुपमा गाईजात्रा निकालेको छ । नेवारी समुदायको परम्परा संस्कृति बचाउन, खर्चलाई व्यवस्थित गर्न गर्न सामूहिक रुपमा गाईजात्रा निकालिएको नेवा गुठी तानसेनका अध्यक्ष प्रकाश गंङ्गोलले बताए।

तानसेनमा निकालिने सबै जात्राहरु पाल्पा दरबारमा पुऱ्याउने परम्परा रहेको छ । पाल्पा दरबार तत्कालिन समयमा पश्चिम क्षेत्रको प्रशासनिक केन्द्र रहेकोले तानसेनबाट निकालिने हरेक किसिमको जात्रा दरबारमा पुऱ्याउने परम्परा रहेको हो। गाईजात्रा लिएर दरबारमा पुग्नेहरुलाई सर्वसाधारणहरुले मिठाई, पानी, फलफूल, दूध खुवाएका छन्।

सरकारले तानसेन नगरलाई सांस्कृतिक नगरको रुपमा मान्यता दिएको छ । तानसेनमा अधिकांश कला संस्कृति नेवारी र मगरी भेषभुषामा आधारित रहेका छन् । स्थानीय कला संस्कृति जोगाउन, बजार चहल पहल बढाउन नै तानसेन नगरपालिकाले गाईजात्राको दिनमा स्थानीय बिदा दिएको छ । स्थानीय कला संस्कृति जोगाउन, संरक्षण गर्न स्थानीय सरकारको प्रमुख भूमिका र जिम्मेवारी रहन्छ।

# न्यू होराइजनद्वारा नेपाल प्रथम दुईजनासहित ४४३ विद्यार्थी सम्मानित




बुटवल । न्यू होराइजन इङ्लिस बोर्डिङ सेकेण्डरी स्कूल बुटवलले कक्षा १२ को हालै सार्वजनिक नतिजामा ३.९६ जीपीए हासिल गरी नेपाल प्रथम हुन सफल छात्रद्धय वैभव क्षेत्री र दर्शन भट्टराईसहित उत्कृष्ट नतिजा ल्याउने ४४३ जना विद्यार्थीलाई सम्मान गरेको छ। विद्यालयले आइतबार एक समारोह आयोजना गरी विज्ञान र व्यवस्थापन संकायबाट उत्तीर्ण विद्यार्थीलाई बधाई ज्ञापन तथा आगामी शैक्षिक यात्राको शुभकामनासहित सम्मान गरेको हो।

सो अवसरमा बोल्दै राष्ट्रिय परीक्षा बोर्ड प्रादेशिक कार्यालय बुटवलका प्रमुख रोमाकान्त तिवारीले न्यू होराइजन देशकै उत्कृष्ट शैक्षिक संस्था रहेको बताए । तिवारीले एकेडेमिक सर्टिफिकेटका साथमा विद्यार्थीहरुमा व्यवहारिक ज्ञान सीप, अनुशासन आवश्यक रहेको बताए। देशकै शैक्षिक गुणस्तर कायम गर्न न्यू होराइजनको ठूलो योगदान रहेको समेत उनले चर्चा गरे।

विद्यालय सञ्चालक समिति अध्यक्ष ज्ञानेन्द्र कसजूले गुणस्तरीय शिक्षाका लागि न्यू होराइजन स्थापना गरेको बताउँदै उत्कृष्ट नतिजामा दिन निरन्तर सफल भइरहेको बताए।

उनले न्यू होराइजन संस्थाअन्तर्गत क्षितिज इन्टरनेशल कलेज कालिकानगर, बुटवल मोडेल कलेज कटैया, न्यू होराइजन कलेज ड्राइभरटोलमा विभिन्न विषयमा गुणस्तरीय उच्च शिक्षा दिइरहेको जानकारी गराउँदै अन्यत्र धाउन नपर्ने बताए।

कार्यक्रममा विद्यालयका प्राचार्य लोकनाथ उपाध्यायले प्लस टु उत्तीर्ण मेधावी विद्यार्थीले स्वदेशमा अध्ययन गरी आफ्नो अब्बलता कायम गर्नु सुझाव दिए । प्राचार्य उपाध्यायले स्नातक तहको पढाइ पनि होराइजनका संस्थामा जोडिएर अगाडि बढाउन पनि सफल विद्यार्थीलाई आग्रह गरे । सो अवसरमा बोल्दै विद्यार्थी वैभव क्षेत्रीले सानैदेखि मनमा दृढ इच्छा र लगनशीलताले उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको बताए । अर्का विद्यार्थी विवेक न्यौपानेले विद्यालयको सुविधासम्पन्न शैक्षिक वातावरण, शिक्षकहरुको उत्प्रेरणा, परिवारको साथ र साथीहरुको प्रोत्साहनले उत्कृष्ट नतिजा आएको बताए । कार्यक्रममा विद्यालयका उप-प्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल, राजीव श्रेष्ठ, अभिभावक संघ रुपन्देहीका अध्यक्ष लोकनाथ उपाध्याय, अभिभावक कृष्ण पौडेल, न्यू होराइजन लेखा समिति सदस्य अशिस भण्डारी, व्यवस्थापन संकाय संयोजक प्रकाश खनाललगायतले बोलेका थिए। सो अवसरमा उत्कृष्ट नतिजामा योगदान गरेका शिक्षकहरुलाई पनि सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन शिक्षक मिलन रानाले गरेका थिए।

विद्यालयबाट विज्ञान संकायबाट कक्षा १२ को नतिजाअन्तर्गत २०७७ सालमा सुम्निा श्रेष्ठले जीपीए ४ सहित नेपाल प्रथम, २०७९ मा दीक्षा गौतम र ग्रिस्मा पोखरेलले ३.९५ जीपीए, २०८० मा समीप पौडेलले ३.९६ जीपीएसहित लगातार नेपाल प्रथम भएको विद्यालयका विज्ञान संकाय संयोजक प्रकाश पन्थले दाबी गरे।

# विजय फूलबारीका सेयर सदस्यको दुर्घटना बिमा




प्यूठान । विजय फूलबारी बचत तथा ऋण सहकारी संस्थाले संस्थामा आबद्ध सबै सदस्यहरुको दुर्घटना बिमा गरेको छ।

संस्थाको स्वीकृत कार्यक्रमअनुसार सदस्यहरुको १ लाख बराबरको दुर्घटना बिमा गराएको संस्थाले जनाएको छ।

संस्थामा आबद्ध सदस्यहरुको दुर्घटनाका कारण हुन सक्ने भवितव्य जोखिम न्यूनीकरणमा टेवा पुऱ्याउन दुर्घटना बिमा गरिएको व्यवस्थापक प्रकाश बैद्यले जानकारी दिए । संस्थाले सदस्य सेवाका लागि विभिन्न प्रभाकारी कार्यक्रम सञ्चालन गरिरहेको सन्दर्भमा सदस्य दुर्घटना बिमाले सदस्य सुरक्षाको थप महत्वपूर्ण कार्यक्रम रहेको उनले बताए।

५ हजार ८ सय सदस्य आबद्ध रहेको संस्थाले सदस्यको निधन भएको अवस्थामा २५ हजार मृत्यु राहत कोष प्रदान गर्दै आएको छ भने सुत्केरी भेटघाट, सदस्य बिमा, घाट खर्च सहयोग, औषधि उपचार ऋण सहुलि, अस्पतालमा छुट, लघुवित्त कार्यक्रम, विभिन्न उत्पादनमूलक ऋण सेवा, बचत संकलन जस्ता कार्यक्रमहरु सञ्चालन गरेको छ।

# स्याङ्जा अदालतमा सम्बन्धविच्छेदका मुद्दा धेरै

**प्रकाश डोटेल**
*स्याङ्जा*



जिल्ला अदालत स्याङ्जामा दर्ता भएका मुद्दामध्ये अधिकांश सम्बन्धविच्छेद (डिभोर्स) का मुद्दा रहेका छन् । आर्थिक वर्ष २०८१/०८२ मा दर्ता भएका एक हजार ७ मुद्दामध्ये ५२१ मुद्दा सम्बन्धविच्छेदका मात्रै रहेका थिए । अदालतमा कुल दर्ता नयाँ मुद्दामध्ये ६० प्रतिशत सम्बन्धविच्छेदका छन्।

पुराना (जिम्मेवारी सरेका) ८७ सहित सम्बन्ध विच्छेदका कुल ६०८ मुद्दा मध्ये ५१८ मुद्दा फछ्र्यौट भएर ९० वटा मात्रै मुद्दा फछ्र्यौट हुन बाँकी छन्। पुराना १६ नयाँ ८५ सहित वैवाहिक सम्बन्ध अन्त्य तर्फका १०१ मुद्दामा ७७ फछ्र्यौट हुँदा २४ मुद्दा बाँकी ररहन गएको अदालतका श्रेस्तेदार भूमिप्रसाद शर्माले जानकारी दिए।

अदालतमा पुरानो र नयाँ समेत एक हजार ३५९ मुद्दा रहेकोमा एक हजार ४४ अर्थात् ७६.८२ प्रतिशत मुद्दा फछ्र्यौट भएको श्रेस्तेदार शर्माले जानकारी। उनले ३१५ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको जनाउँदै दुई वर्षभन्दा बढी समयका पुराना मुद्दा नरहेको बताए।

आर्थिक वर्ष २०८१/८२ मा अदालतमा दर्ता भएका अंशबण्डा ६६, लेनदेन ३०, जालसाजी २५, मानाचामल २२, चेक अनादर र लिखित बदर १७/१७ वटा, घरेलु हिंसा ४, जबरजस्ती करणी १७, बहुविवाह २, किर्ते २, लागुऔषध १६, चोरी १७, कर्तव्य ज्यान १४, अभद्र व्यवहार ९, जग्गा सम्बन्धी १३, बैंकिङ कसुर १४ र अन्यतर्फ (निषेधाज्ञा, वन मुद्दा, पुनरावेदन, जुवातास, मिलापत्र बदर, हातहतियार, दामासाही आदि) ११६ गरी एक हजार ७ वटा मुद्दा थिए।

अदालतमा पुराना ६० र नयाँ १६९ गरी २२९ दण्ड जरिवानातर्फका मुद्दामा १६० को फछ्र्यौट गरी ६९ मुद्दा मात्रै बाँकी रहेका छन् । दण्ड जरिवानातर्फ चार अर्ब २९ करोड ५८ लाख ५८ हजार ७३ रुपैयाँ र कैदतर्फ १५ सय १९ वर्ष ७ महिना १३ दिन असुल गर्नुपर्नेमा अदालतले नगदतर्फ चार अर्ब ११ करोड ७८ लाख २९५ असुल गरेको छ भने कैदमा ४५७ वर्ष ११ महिना चार दिन असुल गरेको जनाएको छ।

दण्ड जरिवानातर्फ ६९ मुद्दाका १०६१ वर्ष ८ महिना ९ दिन असुल गर्न बाँकी रहेर आर्थिक वर्ष २०८२/०८३ मा जिम्मेवारी सरेको जिल्ला अदालतले जनाएको छ । दण्ड तथा जरिवाना असुलमा जिल्ला प्रहरी कार्यालय स्याङ्जाले समेत महत्वपूर्ण सहयोग पुऱ्याएको अदालतले जनाएको छ।

जिल्ला न्यायाधीश बासुदेव पौडेलले आर्थिक वर्ष २०८१/०८२ मा ६८ प्रतिशत मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा ७६.८२ प्रतिशत अर्थात् ९ प्रतिशत मुद्दा फछ्र्यौट गर्न अदालत सफल भएको जानकारी दिए। फछ्र्यौटका आधारमा स्याङ्जा अदालत गण्डकी प्रदेशमै उत्कृष्ट अदालत बन्न सफल भएको उनल उल्लेख गरे।

मुद्दा फछ्र्यौटमा जिल्लाका सरकारी निकाय, नागरिक समाज, पत्रकारलाई धन्यावाद दिँदै जिल्ला न्यायाधीश बासुदेव पौडेलले अदालतले कार्य सम्पादन गर्दा हुने गल्तीलाई सकारात्मक आलोचनामार्फत् सुधारको सुझाव दिन आग्रह गरे । अदालतको सेवा प्रवाहमा सबै पक्षसँग हातेमालो गरे अगाडि बढिने समेत उनले बताए।

# रूकुम पश्चिममा शतप्रतिशत रोपाइँ



त्रिवेणी (रुकुम पश्चिम) । जिल्लाका छवटै स्थानीय तहका धान उत्पादन हुने क्षेत्रमा शतप्रतिशत रोपाइँ सम्पन्न भएको छ। यहाँ जेठ अन्तिम सातादेखि रोपाइँ सुरु भएको थियो।

जिल्लाका चौरजहारी, मुसिकोट र आठबिसकोट नगरपालिका तथा सानीभेरी, बाँफीकोट र त्रिवेणी गाउँपालिकामा धानखेती हुने गरेको कृषि विकास कार्यालय रुकुम पश्चिमले जनाएको छ । यो वर्ष समयमा वर्षा हुनुका साथै मौसमले साथ दिएकाले समयमै रोपाइँ सकिएको कार्यालयका प्रमुख भरतबहादुर बस्नेतले जानकारी दिए । उनका अनुसार जिल्लामा तीन हजार ४८ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ।

यहाँ खुमल-४ र ६, राधा-४ सहित अन्य हाइब्रिड जातका धानखेती हुँदै आएको कार्यालय प्रमुख बस्नेतले बताए । यो वर्ष धानखेती हुने सबै खेतीयोग्य जग्गामा रोपाइँ गरिएकाले अघिल्लो आर्थिक वर्षको तुलनामा बढी उत्पादन हुने अपेक्षा गरिएको उनले उल्लेख गरे।

सबै बाँझो जग्गामा धानखेती हुने हो भने खेतीयोग्य क्षेत्रफलसहित उत्पादनमासमेत वृद्धि हुने बस्नेतको भनाइ छ। खेतीयोग्य सबै क्षेत्रमा सिँचाइको सुविधा पुऱ्याउने लक्ष्यसहित कार्यालयले काम गरिरहेकाले सिँचाइ सुविधा विस्तार भएमा उत्पादन पनि बढ्ने उनले बताए।

धान उत्पादनलाई बढाउन चैते धानखेतीमा जोड दिइएको बताउँदै योजनाअनुसार विस्तार गर्न नसकिएको कार्यालय प्रमुख बस्नेतले जानकारी दिए। जिल्लामा गत वर्ष १२ हजार ९५५ मेट्रिकटन धान उत्पादन भएको थियो । यस वर्ष समयमै वर्षात् हुनुका साथै धानखेतीमा किरा नदेखिएकाले गत वर्षभन्दा १० देखि १५ प्रतिशतले उत्पादन बढ्ने अनुमान गरिएको उनले उल्लेख गरे।

उत्पादन भएकोमध्ये केही चौरजहारी र आठबिसकोट नगरपालिकाबाट जिल्ला बाहिर बिक्री गरिँदै आइएको कृषि विकास कार्यालयले जनाएको छ। धानसहित खाद्यन्नमा रुकुमपश्चिम आत्मनिर्भर नरहेको कार्यालय प्रमुख बस्नेतले बताए।


## कर्मचारी आवश्यकता

बुटवलको एक प्रतिष्ठित कुखुरा तथा गाईभैंसीको दाना उत्पादन गर्ने उद्योगको लागि निम्न कर्मचारीको आवश्यकता परेकोले ७ दिनभित्र इच्छुक महानुभावले मिति २०८२ श्रावण २८ गते सम्ममा यस कम्पनीको कार्यालयमा आवेदन बुझाउनुहुन अनुरोध गर्दछौं।

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | Asst.Accountant | 2 |
| २ | Marketing Officer | 2 |

योग्यता : सम्बन्धित पदमा कम्तीमा २ वर्षको अनुभव भएको।
सेवा सुविधा : कम्पनीको नियमअनुसार।
आवश्यक कागजात : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपी, हस्तलिखित निवेदन, बायोडाटा।
सम्पर्क: ९८०१३४००८३

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४

## न्यू कुमकुम ज्वेलर्स




वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com